# An Interview with Mr. Bagdhan Rai

*December 27, 2005*

University Of Nebrasaka, Lincoln मा अध्ययनरत आफ्नी छोरी सुश्री  रुरु राईको Graduation Ceremony [Dec16,2005] मा सहभागी हुन वहांकी श्रीमती  हीरा राईका साथ अमेरिका आउनु भएका श्री बागधन राईज्यूसंग Kirat – Rai Society Of America ले यो अन्तरवार्ताको लागि अनुरोध गरेको थियो । समाजशास्त्रमा एम.ए. तथा वाणिज्यमा स्नातक तह सम्म अध्ययन गर्नृ भएका ५८ वर्षिय श्री राई किरात राई यायोक्खा काठमाडौं जिल्ला कमिटीको अध्यक्ष तथा केन्द्रिय कार्य समितिको  'महासचिव' समेत भई कार्य गरी सक्नृ भएको छ ।वहांको पुर्ख्यौली घर खोटाङ.चुइचुम्मा डाडागाउं हो र हाल वहां काठमाडौं बानेश्वरमा वस्नु हुन्छ।

१. तपाईको अनुभव र अध्ययन अनुसार किरात राईहरुको जातीय पहिचानहरु के के हुन? यसवारे प्रष्ट पारि दिनुहुन्छ कि ?

- किरात राईहरुको जातीय पहिचानको बारेमा अध्ययन गर्दा किरात राईहरु नेपालका प्राचीन आदिवासी हुन् । २९ पुस्तासम्म राज्य गरेका राजवंश हुन । हाम्रो आफ्नै धर्म, संस्कृति, भाषा लिपी, मुन्धम, र आफ्नै भुमि र आफ्नै भेषभुषा भएको शुरविर जाति हुन ।

२. तपाई हामी सवैलाई महसुस भइरहेको कुरा हो -हाम्रो परापुर्वदेखि पुर्खाहरुद्धारा मानि, चलि आएको जातिय सम्पत्तिहरु जस्तै भाषा, संस्कृति, कला र धर्म लोप भइरहेको छ, र भएको पनि मौखिक रुपमा मात्र छ । यी जातिय सम्पत्तिहरुलाई भावि सन्ततीहरुको लागि कसरी संरक्षण र संवर्द्धन गर्न सकिन्छ ?

- हाम्रा पुर्खाहरुले मानी आएको राम्रा परंपरा संस्कृतिहरुलाई जीवन्त राख्नृ पर्छ । कमी कमजोरीहरुलाई सच्याउनु र परिमार्जन गर्दै लानु पर्छ । हाम्रो देश, भाषा लिपी, कला धर्म संस्कृतिलाई लोप हुनवाट बचाउनु पर्छ ।त्यसको लागी स्वदेशमा या विदेशमा बस्ने किरात राईहरुले संगठित भएर लागि पर्नु पर्छ । अनुसन्धान गरी अभिलेखिकरण गर्नु अति जरुरी छ । नेपालका भाषाशास्त्री डा. नबल किशोर राईज्युको भनाइ अनुसार ' किरातहरुको २८ किसिमको भाषा मध्ये कति लोपोन्मुख अबस्थामा छ , त्यसको संरक्षणमा लागि पर्नु पर्छ ' त्यसैले हाम्रो जिम्मेवारी ठुलो छ ।

३. अमेरिकामा वसोवास गर्ने अधिकांस किरात राईहरु 2003,May मा Washington D.C. मा भेला भई किरातराईहरुको इतिहास, भाषा, कला, संस्कृति जर्गेना गर्ने तथा एक आपसमा सुमधुर संम्वन्ध र सदभाव राख्ने अभिप्रायले एउटा संस्था खोल्ने निर्णय भयो । सो अनुसार 2004 मा विधिवत रुपमा Kirat –Rai Society Of America को स्थापना भयो । यस संस्थाको स्थापना बारेमा तपाईको के राय छ ? तपाईको विचारमा यस संस्थाले अमेरिकामा बसोबास गर्ने किरात राईहरुको हितका लागि के गरोस भन्ने चाहनु हुन्छ ?

- 2003 May मा Washington D.C. मा KRSA को गठन भई किरात राईहरुको सकृयता र हालसम्म विभिन्न State मा गठन भएको Networking उत्साहजनक छ । यो सकारात्मक कार्यको थालनी भएको छ ।यस संस्थाले अमेरिकामा प्रवेस गर्ने किरात राई सदस्यहरुले संरक्षण तथा सहयोग प्राप्त गरुन् जसवाट अमेरिका बस्न सुखमय होस । गरिब तथा प्रतिभाशाली विद्यार्थीहरुको लागि विद्धत वृत्तिको व्यबस्था र विरामी परेको बेला आवश्यक रेखदेख गरोस ।अमेरिकामा आउन चाहने विद्यार्थिहरुको लागि (किरात राई यायोक्खा) मार्फत मार्ग दर्शन गर्ने काम भएमा यसको ठुलो उपलव्धीमूलक कार्य हुनेछ ।

४. तपाईको विचारमा अमेरिकामा बसोबास गर्ने किरातराईहरुको विचमा सुमधुर संम्बन्ध राख्दै एकता कायम गर्न KRSA ले के कस्ता भुमिका र पहलको निर्वाह गर्नुपर्ला ?

- नेपालमा स्थापना भएको किरात राई यायोक्खा र KRSA को वीच नियमित सर्म्पक र सहयोग आदन प्रदान गरी रहनु पर्छ । स्वदेश र विदेशको दृष्टिकोण र आवश्यकतालाई छलफल गरी त्यसको लागी होस्टे हैंसे गरीएमा हाम्रो उद्देश्य पुरा गर्न सजिलो हुनेछ ।

५.नेपालका किरात राईहरुले नेपाल वाहिर वसेका किरात राईहरुसँग जातीय उत्थान र सामाजिक सम्वर्धनको लागि कस्तो किसिमको अपेक्षा गरेको हुनसक्छ ?

- अमेरिकामा बस्ने किरात राईहरुले आवश्यकता महसुस गरेको विषयमा किरात राई यायोक्खामा जानकारी पठाउने अनुसन्धान र अभिलेखिकरणको लागि विद्दत वृत्तिको लागि Fund को व्यवस्था मिलाउने । संयुक्त राष्ट्र संघवाट हुने सहयोग उपलब्ध गराउने । साथै किरात राईहरुलाई सक्षम र सकृय बनाउन बेलाबेलामा गरिएको सांस्कृतिक कार्यक्रम प्रशंसनिय छ । प्रत्येक किरात राईहरुलाई अमेरिकामा सहयोग गरी सदस्य वनाउनु पर्छ । राम्रो काम गर्ने व्यक्तित्वहरु र राम्रो मार्क ल्याउने विद्यार्थी हरुको लागी सम्मान गर्ने परंपरा वसाउनु पर्छ , जसवाट किरात राईहरुलाई एक सुत्रमा बाध्न सकिन्छ ।

६. अन्त्यमा अमेरिकामा बसोबास गर्ने सर्म्पूण किरात राईहरुलाई के कस्तो तपाईको व्यक्तिगत संदेश दिन चाहनु हुन्छ ?

- अमेरिकामा बस्ने सर्म्पूण किरात राईहरुलाई नव वर्ष 2006 को शुभकामना व्यक्त गर्दै मेरो यो सन्देश छ की TIME IS MONEY भएता पनि सभ्य र सक्षम व्यक्तित्वहरुले समाज सेवाको लागि केहि समय दिनुहोस् जसवाट तपाईहरुको समाज सभ्य, शिक्षित र सुसंस्कृत हुनेछ । यहां बस्ने सर्म्पूण किरात राईहरु नेपालमा बस्ने किरात राईको मात्र होइन नेपालको अनौपचारीक राजदुत हुन ।त्यसैले कुनै पनि काम गर्दा जोसमा होइन होस राखेर Action मा होइन Result राम्रो आउने काम गर्नुहोस । उच्च प्रविधिको ज्ञान लिनुहोस । दोस्रोमा अर्थोपार्जन गर्नुहोस । नेपालको नाम सदा उंचा राख्न सदा प्रयत्न गर्नुहोस । आफनो भाषा, धर्म, संस्कृतिलाई सदा संझना राखि त्यसलाई संरक्षण तथा सम्वर्द्धन गर्न सफलता मिलोस् ।

अन्त्यमा पारुहाङ. र सुम्निमाले सदा रक्षा गरुन् र उत्साह दिउन् । KRSA का सभापति श्री राजकुमार राईज्युको कार्यकालको सफलताको कामना गर्दछु ।

Kirat-Rai Society of America highly appreciates Mrs. Lata Koirala, Tennessee, for helping us by typing this interview in Nepali. This interview text is written in “sagarmatha” font.